"भाषा, साहित्य, कला र संस्कृति ! जीवन र जगतको समृद्धि !!"

# रासी साहित्य परिषद्

जिल्ला शाखा, रुकुम पश्चिम

## मुसीकोट सम्पदा दौड प्रतियोगिता आयोजक समिति

प. सं. ०८२/८३
च.नं. ०९

मितिः २०८२।०४।२८

श्रीमान् अध्यक्षज्यू,
बाँफीकोट गाउँपालिका,
रुकुम, पश्चिम ।

विषयः- मिनि म्याराथन/लामो दौड प्रतियोगिता सम्बन्धमा ।

रासी साहित्य परिषद् जिल्ला शाखा रुकुम पश्चिमको मिति २०८२ साल साउन १६ गतेको बैठकको निर्णयअनुसार रुकुम मुसीकोटका प्रमुख पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको परिचय र प्रवर्द्धनका निम्ति यही २०८२ साल भाद्र १२ गते निम्नानुसारको रुटमा मुसीकोट हेरिटेज रन (मिनि म्याराथन/लामो दौड) प्रतियोगिता आयोजना गर्ने निर्णय भएको बेहोरा सहर्ष जानकारी गराउँदछौं । उक्त प्रतियोगितामा त्यस पालिकाअन्तर्गतका इच्छुक धावकहरूलाई सहभागी हुन सूचित गरिदिनुहुन अनुरोध छ । साथै उक्त कार्यक्रममा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

पूर्ण ओली
संयोजक

पुनश्चः सूचनाको प्रतिलिपि संलग्न छ ।

"भाषा, साहित्य, कला र संस्कृति ! जीवन र जगतको समृद्धि !!"

# राप्ती साहित्य परिषद्

## जिल्ला शाखा, रुकुम पश्चिम

# मुसीकोट सम्पदा दौड प्रतियोगिता आयोजक समिति

मितिः २०८२।०४।१८

विषयः- खुला दौड प्रतियोगिता हुने बारे सूचना ।

राप्ती साहित्य परिषद् जिल्ला शाखा रुकुम पश्चिमको आयोजनामा यही २०८२ साल भाद्र १२ गते रुकुम मुसीकोटका प्रमुख पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको परिचय र प्रवर्द्धनका निम्ति निम्नानुसारको रुटमा मुसीकोट हेरिटेज रन (मिनि म्याराथन/लामो दौड) प्रतियोगिता आयोजना गर्ने निर्णय भएकोले इच्छुक व्यक्तिहरूले आगामी भाद्र ५ गतेभित्र राप्ती साहित्य परिषद् जिल्ला शाखा रुकुमलाई दर्ता शुल्क रु ५००/- बुझाई आफ्नो नाम दर्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

**रुटः**

डिग्रे साईकुमारी मन्दिरको परिसरबाट सुरु गरी घिमाने- जन्ती ओलप्पेको लेक- पातीहाल्ने- प्रेमताल- डँयरीचौर- सातदुले पोखरी- पोखरा- खारादह- स्यानदह- ठुलदह- बयरीदह- साँखदह- नुनथला गेट हुँदै डिग्रे साईकुमारी मन्दिर।

**पुरस्कारको राशिः**

प्रथम पुरस्कार एकजनालाई रु. २५,०००/-
द्वितीय पुरस्कार एकजनालाई रु. २०,०००/-
तृतीय पुरस्कार एकजनालाई रु. १५,०००/-
सान्त्वना पुरस्कार रु. ५/५,०००/-

पूर्ण ओली
संयोजक

**पुनश्चः**

- आयोजक संस्था, प्रायोजकहरू र १८ वर्षमाथिका जिल्लाबाहिर वा भित्रका सबै व्यक्तिहरूले प्रतियोगितामा भाग लिन पाउनेछन्।
- प्रतियोगिता हुने दिनभन्दा अगाडि नै शारीरिक रूपमा तन्दुरुस्त भएको मेडिकल रिपोर्ट वा स्वघोषणापत्र पेश गर्नुपर्नेछ ।
- दौडको लागि थप नियमहरू, भिजिटिङ प्वाइन्ट, हाइड्रेसन स्टेशन र मेडिकल सहायता सम्बन्धमा वार्मअप वा ब्रिफिङको समयमा जानकारी गराइनेछ । वार्मअप वा ब्रिफिङमा उपस्थित हुन नसक्ने भएमा प्रतियोगिताको दिन अगावै फोनमार्फत जानकारी लिनुपर्नेछ।
- २०८२ भाद्र १२ गते बिहीबारको दिन बिहान ठिक ८.०० बजे डिग्रे साईकुमारी मन्दिर परिसरबाट म्याराथन दौड प्रारम्भ भई सोही स्थानमा समापन हुनेछ । दौड प्रारम्भ हुनुभन्दा १ घण्टा अगावै धावकहरू डिग्रे मन्दिर परिसरमा उपस्थित भइसक्नुपर्नेछ।
- प्रत्येक धावकलाई बिब नम्बर अङ्कित टिसर्ट उपलब्ध गराइनेछ । दौडँदा आवश्यक पर्ने पानीलगायत आरामदायक जुत्ता, हलुका पोशाक र अन्य कुराहरू धावकले आफै व्यवस्था गर्नुपर्नेछ ।
- धावकलाई हेडफोन तथा एरफोन निषेध गरिएको छ । आफ्नो मोबाइल भने साथमा लग्नुपर्नेछ ।
- उल्लिखित रनिङ रुट, पुरस्कार राशि तथा शर्तहरू संशोधन गर्न अपरिहार्य भएमा परिवर्तन हुन सक्नेछ । तर दौड प्रतियोगिताको मिति, समय र प्रारम्भ स्थान सामान्यतया परिवर्तन हुनेछैन ।
- दौडमा प्रथम द्वितीय र तृतीय हुने बिजेताहरूलाई सोही दिन उल्लिखित राशिको नगद पुरस्कार र प्रमाणपत्र उपलब्ध गराइनेछ। प्रायोजकहरूलाई प्रमाणपत्र प्रदान गरिनेछ ।

c